स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



कुनै समय नेपाली फिल्ममा अभिनेता निखिल उप्रेतीको ठूलो जगजगी थियो । पोस्टरमा उनको अनुहार राखेको भरमा फिल्म चल्ने समय थियो । तर, समय सधैं एकनाश हुँदैन । निखिलको कमब्याक फिल्म 'भैरव' राम्रै चलेको थियो । तर, त्यसपछि उनको अनुहारले फिल्म चल्न छाड्यो । यसैले हुनसक्छ, ५ वर्षदेखि उनी फिल्ममा देखिएका छैनन् । खासमा उनी आफैं फिल्म बनाउने तयारीमा छन् । अहिले उनको लुक्स नै फेरिएको छ । यो लुक्स फिल्मका लागि हुनसक्ने देखिन्छ ।

आजको विचार...



क्षमता...

(दुई पेजमा)

मेघनाथ दाहाल



सन्तोष सेनको निर्माण तथा निर्देशनमा बन्न लागेको फिल्म 'बलिदान'मा अभिनेत्री ऋचा शर्माले मुख्य भूमिकामा अभिनय गर्ने भएकी छन् । उनीसँग निर्देशक सेनले कागजी सम्झौता गरेका छन् । आगामी बैशाख अन्तिम साताबाट छायांकन सुरु गर्न लागिएको फिल्मले द्वन्द्वकालीन समयको कथा उठाउँदैछ । यो फिल्मबाट सुपरस्टार विराज भट्टका छोरा समीर भट्टले अभिनेताको रुपमा डेब्यू गर्दैछन् । उनले मुम्बईमा रहेर अभिनय, मार्सल आर्ट, नृत्य र द्वन्द्वको तालिम लिएका थिए ।

❑ वर्ष २९ ❑ अंक २४७ ❑ २०८० चैत २४ गते शनिबार 6 April 2024, Saturday ❑ पृष्ठ संख्या 8 मूल्य रू ५/-

## संक्षिप्त समाचार

### एआईले विश्वव्यापी साइबर अपराध बढाउने

(रासस/सिन्ह्वा)

**बर्लिन,** चैत २३/विश्वको सबैभन्दा ठूलो पुनर्बीमा जर्मन कम्पनी 'म्युनिख रेले' प्रविधिको तीव्र विकास, विशेष गरी आर्टिफिसियल इन्टेलिजेन्सका कारण बढ्दो साइबर जोखिमको बारेमा चिन्ता व्यक्त गरेको छ । बिहीबार प्रकाशित गरेको पुनर्बीमा कम्पनील आफ्नो प्रतिवेदनमा गत महिनामा "साइबर अपराधमा वृद्धि भएको र यसमा रेन्समवेयर (रेन्समवेयर यस्तो साइबर हमला हो जहाँ भाइरस भएको सफ्टवेयर इन्टरनेटको माध्यमबाट पठाइन्छ ।) ले भूमिका खेलेको छ ।" गत वर्ष मात्रै अघिल्लो तीन वर्षको तुलनामा दोब्बर साइबर अपराध आक्रमण भएको थियो । डाटा प्लेटफर्मले स्टाटिस्टा (यो तथ्याङ्कको एक व्यापक संग्रह संगै एक वैश्विक डाटाको खुफिया प्लेटफर्म हो) ले अनुमान गरेका अनुसार साइबर अपराधको वार्षिक विश्वव्यापी लागत ८.१५ ट्रिलियन अमेरिकी डलरबाट १३.८ ट्रिलियन अमेरिकी डलरमा बढ्न सक्ने भनेको छ । साइबर अपराधीले एआईद्वारा संचालित फिसिङ इ-मेलहरू र कलहरू पीडितहरूलाई धोका दिन प्रयोग गर्न सक्ने प्रविधि विशेषज्ञहरूको समूह 'म्युनिख रे' ले चेतावनी दिएको छ ।


## सन्तोष चलचित्र मन्दिरमा...



सन्तोष चलचित्र मन्दिर तानसेनमा आज चैत २३ गतेदेखि भव्यताका साथ नेपाली चलचित्र दैनिक २ शो **'बद्री बहादुर'** र १ शो चलचित्र **'महाजात्रा'** प्रदर्शन भइरहेको छ ।

*पहिलो शो : ११:३० बजे, दोस्रो शो : २:३० बजे नेपाली चलचित्र **'बद्री बहादुर'***
*कलाकारहरु (धिरेन शाक्य, पूजा शर्मा, सलोन बस्नेत, जयकिशन बस्नेत)*
*र तेस्रो सो साझ ५:३० बजे चलचित्र **'महाजात्रा'***
*(नयाँ डल्बी डिजिटल साउण्ड, न्यू प्रोजेक्टर र लक्जरी सिटमा)*

*टिकट बुकिङ्ग नं. : ९८४७३९८५५९*

## डढेलोबाट बचौं र बचाऔं ।

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानीपूर्वक प्रयोग गरी राम्रोसँग निभाऔं,
- सानो असावधानीले जंगलमात्र होईन आसपासका बस्तीसमेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

*सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।*

नेपाल सरकार

**विज्ञापन बोर्ड**


रेडियो मदनपोखराको रजत महोत्सव

# स्थानीय विज्ञापन स्थानीय मिडियाकै प्राथमिकतामा राख्न आवश्यक छ : मन्त्री शर्मा

**रामचन्द्र रायमाझी**

**पाल्पा,** चैत २३/सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले स्थानीय विज्ञापन स्थानीय मिडियाकै प्राथमिकतामा राख्ने व्यवस्था मिलाउन आवश्यक रहेको बताएकी छन् । शुक्रबार तानसेनको मदनपोखरामा रहेको सामुदायिक रेडियो मदनपोखरा एफएमको रजत महोत्सवलाई सम्बोधन गर्दै मन्त्री शर्माले स्थानीय विज्ञापन स्थानीय मिडियाकै प्राथमिकतामा राख्ने व्यवस्था मिलाउन आवश्यक रहेको बताएकी हुन् ।



उनले संविधानले दिएको अधिकार प्रयोग गरेर सबै स्थानीय र प्रदेश सरकारले विज्ञापन कानुन दर्जुमा गरेर स्थानीय विज्ञापन स्थानीय मिडियाकै प्राथमकितामा राख्नुपर्ने व्यवस्था मिलाउन जरुरी रहेको उल्लेख गरिन् । मन्त्री शर्माले भनिन् 'विज्ञापन क्षेत्रमा देखिएको बेथिति कम गर्न विज्ञापन नियमावली संशोधन गरेर संघीय सरकार मातहतका विज्ञापन व्यवस्थित गर्ने पर्यत्न सुरु गरिएको छ । प्रदेश र स्थानीय सरकारले पनि विज्ञापन कानुन दर्जुमा गरेरै भए पनि स्थानीय विज्ञापन स्थानीय मिडियाकै प्राथमकितामा राख्ने व्यवस्था मिलाउनुपर्दछ ।' संविधानले आमसञ्चार क्षेत्रको निमयमनको पाटोलाई संघीय सरकारको दायित्वभित्र राखे पनि प्रवर्द्धनको सवालमा तीनै तहका सरकारको अधिकार सूचिमा राखेको मन्त्री शर्माले उल्लेख गरिन् ।

उनले संविधान बनेको लामो समयसम्म आमसञ्चार क्षेत्रलाई व्यवस्थित गर्ने संघीय कानुन नबन्दा केही अन्योल देखिएको भन्दै यसलाई चिर्दै जतिसक्यो चाँडो आमसञ्चार क्षेत्रलाई व्यवस्थित गर्न कानुन बनाउने गृहकार्यमा सरकार लागिरहेको जानकारी दिइन् । मन्त्री शर्माले आमसञ्चार क्षेत्रको छाता कानुनको रुपमा आमसञ्चार ऐनको मस्यौदा तयार गरेर मन्त्रीपरिषदमा लैजाने तयारी रहेको उल्लेख गर्दै मिडिया काउन्सिल विधेयक मन्त्रीपरिषदबाट पारित गरेर संघीय संसदमा दर्ता गर्ने प्रक्रिया अघि बढाएको बताइन् । 'सरकार पूर्ण प्रेस स्वतन्त्रताप्रति पूर्ण प्रतिबद्ध छ । आमसञ्चार ऐन र मिडिया काउन्सिल विधेयक प्रक्रियामा अघि बढाएका छौं' उनले भनिन्, 'यी कानुनहरु पारित भएपछि संघीयताको मर्मअनुरुप आमसञ्चार क्षेत्रको पुन:संरचनामा सहयोग पुग्ने विश्वास सरकारको छ ।' मन्त्री शर्माले सञ्चारमाध्यमको सबलीकरण र श्रमजीवी पत्रकारको पेसागत तथा भौतिक सुरक्षा र आमसञ्चार क्षेत्रमा समावेशीकरणको सवाललाइ पनि मन्त्रालयले प्राथमिकतामा राखेको बताइन् । उनले श्रमजीवी पत्रकारको पारिश्रमिक पुनरावलोकनका लागि मन्त्रिपरिषद्मा प्रस्ताव पेस गरेको जानकारी दिँदै अन्य सुधारको कामको थालनी गरेको बताएकी छन् । मन्त्री शर्माले आमसञ्चारका क्षेत्रमा कतिपय सानाजस्ता देखिने तर सेवाग्राहीलाई असहज हुने गरेका क्षेत्रमा पनि सुधारको थालनी गरिएको उल्लेख गरिन् । उनले भनिन् 'सूचना विभागबाट जारी हुने प्रेस प्रतिनिधिको अवधि तीन वर्ष बनाउने, एफएम रेडियोको नवीकरण अनलाइनबाटै गर्ने लगायतका सुधारात्मक कार्य थालिएको छ भने सञ्चारमाध्यम दर्तालगायतका सन्दर्भमा आवश्यक कागजात एकीकृत रूपमा अनलाइन मार्फत लिने व्यवस्था मिलाउन र साना साना कामका लागि पनि काठमाडौं नै धाउनुपर्ने बाध्यताको अन्त्य गर्न आवश्यक गृहकार्य थालिएको छ ।' उनले सञ्चारमाध्यम सरकार र जनताका बीचमा पुलको काम गर्ने माध्यम हुनुपर्ने र जनताका गुनासा सरकारसमक्ष पुऱ्याउने र सरकारले गरेका राम्रा काम जनतासमक्ष पुऱ्याउने भूमिका खेल्न आग्रह समेत गरिन् । कार्यक्रममा संघीय सांसद ठाकुर गैरेले ग्रामीण क्षेत्रमा स्थापित रेडियोले समाजिक, राजनीतिक रुपान्तरणमा महत्वपूर्ण भूमिका खेलेको बताए । उनले अब समृद्ध र सुखी जीवनका लागि स्वदेशमै केही गर्न सकिन्छ भन्ने सन्देश रेडियोले प्रवाह गर्न आवश्यक रहेको उल्लेख गरे । सांसद गैरेले सविधानको रक्षा र कार्यान्वयव गर्ने दिशामा समेत सञ्चार माध्यमले ध्यान दिनुपर्नेमा जोड दिए । अर्का संघीय सांसद नारायण आचार्यले सामाजिक, राजनीतिक जागरण ल्याउने काममा रेडियोले खेलेको भूमिकाको प्रशंसा गरे । उनले आगामी दिनमा पनि जनताको आवाज बुलन्द गराउने कुरामा निरन्तर लाग्न रेडियोलाई आग्रह गरे ।

कार्यक्रममा राष्ट्रिय सभा सदस्य राजेन्द्र लक्ष्मी गैरे, लुम्बिनी प्रदेश सभा सदस्य खेम सारु, तानसेन नगरपालिकाका नगर प्रमुख सन्तोषलाल श्रेष्ठ, प्रमुख जिल्ला अधिकारी आनन्द काफ्ले, पत्रकार महासंघका अध्यक्ष रेखीराम राना लगायतले रेडियोको सफलताको शुभकामना व्यक्त गरे । रेडियोका कार्यकारी निर्देशक गुणाकर अर्यालले वार्षिक प्रतिवेदन प्रस्तुत गरेका थिए । रेडियो सञ्चालक समितिका अध्यक्ष झपेन्द्र जिसीको अध्यक्षता, सल्लाहकार सोमनाथ अर्यालको स्वागत, निवर्तमान रेडियो प्रवन्धक राजेशकुमार अर्यालको सञ्चालनमा कार्यक्रम भएको थियो । कार्यक्रममा रेडियोमा योगदान पुऱ्याएका विभिन्न क्षेत्रका व्यक्तिहरुलाई सम्मान तथा पुरस्कृत समेत गरिएको थियो ।

# लुम्बिनीमा माओवादी नेतृत्वको सरकार बन्दै, महरा मुख्यमन्त्रीमा नियुक्त

**पाल्पा,** चैत २३/मुख्यमन्त्री डिल्लीबहादुर चौधरीले बिहीबार पदबाट राजीनामा दिएसँगै लुम्बिनीमा नयाँ सरकार गठन प्रक्रिया सुरु भएको छ । चौधरीको राजीनामासँगै नयाँ मुख्यमन्त्री नियुक्ति प्रक्रिया अघि बढेको हो ।

शुक्रबार प्रदेश प्रमुख अमिक शेरचनले नेकपा माओवादी केन्द्रका संसदीय दलका नेता जोखबहादुर महरालाई मुख्यमन्त्रीमा नियुक्त गरिसकेका छन् । उनलाई प्रदेश प्रमुख शेरचनले संविधानको धारा १६८ को उपधारा २ बमोजिम मुख्यमन्त्रीमा नियुक्त गरेका हुन् । यो सँगै अब माओवादीको नेतृत्वमा प्रदेश सरकार बन्ने पक्का भएको छ । नेपाली कांग्रेसका



डिल्लीबहादुर चौधरीले बिहीबार राजीनामा दिएपछि महराले लुम्बिनी प्रदेशका ५ दलका ४७ र एक स्वतन्त्रसहित ४८ जनाको समर्थनमा मुख्यमन्त्रीका लागि दावी पेश गरेका थिए । मुख्यमन्त्रीको सपथ भने आइतबार हुने बताइएको छ । महरालाई एमालेका २७, माओवादीका १०, नागरिक उन्मुक्तिका ४, जसपाका ३, नेकपा एकिकृत समाजवादीका १ र एक जना स्वतन्त्र प्रदेश सभा सदस्यको समर्थन छ । केन्द्रमा सत्ता समीकरणमा फेरबदल आएसँगै प्रदेशमा चौधरी नेतृत्वको सरकार अल्पमतमा परेका थियो । चौधरीले राजीनामा दिएलगत्तै प्रदेश प्रमुख शेरचनले दुई वा दुईभन्दा बढी दलको समर्थनमा नयाँ सरकार गठनका लागि दावी पेश गर्न आह्वान गरेका थिए ।

*(...बाँकी अन्तिम पेजमा)*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## खेलकुद दिवसको सन्दर्भ

विश्वभर अप्रिल ६ अर्थात् आज 'अन्तर्राष्ट्रिय विकास र शान्तिका लागि खेलकुद दिवस' विश्वभर मनाइँदै छ । संयुक्त राष्ट्र संघ (यूएन) को साधारणसभाले सन् २०१३ को अगस्ट २३ लाई विश्व खेल दिवस घोषणा गरेको थियो । नेपालमा भने सन् २०१५ देखि यस दिवस मनाउन सुरु गरिएको हो । खेलकुदका माध्यमबाट विश्वभरको गरिबी उन्मूलन, असमानतारहित, सुन्दर र शान्त समाजको सन्देश प्रवाह गर्नका लागि हरेक वर्ष विश्व खेलकुद दिवस मनाउने गरिन्छ । शान्तिका लागि खेल महत्वपूर्ण छ । सामान्यतः मन बहलाउन, मनोरञ्जन गर्न वा व्यायामका लागि खेल्ने वा कुद्ने कार्यलाई खेलकुद भन्ने गरिन्छ । खेलकुदले मानिसलाई फुर्तिलो र निरोगी बनाउनुका साथै अनुशासित र समूहमा मिलेर काम गर्न सक्ने बनाउँछ । खेलकुदले मान्छे मान्छेबिच सामूहिक भावनाको विकास गराउनुका साथै आपसी प्रतिस्पर्धाको भावना जगाउँछ । नेपालमा हरेक वर्ष खेलकुद दिवस मनाइए पनि खेलकुद विकासमा देखिएका समस्याहरु भने जस्ताको तस्तै छन् । यो अत्यन्त दुःखको कुरा हो । सरकारले खेल दिवसका लागि ठूलो मात्रमा बजेट विनियोजन गरे पनि त्यसको सहि सदुपयोग भने हुन सकेको छैन ।

नेपाली खेलकुदले आफ्नो सफलतामा गर्व गर्न सक्ने क्षण पटक्कै नआएको भने होइन । तर, यस्ता क्षणको साक्षी बन्न पाउने सुखद अवसर आम नेपाली खेल समर्थकले निकै कममात्र पाएका छन् । पक्कै पनि विगतको तुलनामा यतिबेला नेपाली खेल क्षेत्रको दायरा केही फराकिलो बनेको छ । देशभित्र हुने खेल गतिविधिहरू उल्लेख्यरूपमा बढेको छ । अन्तर्राष्ट्रिय खेल गतिविधिमा सहभागिता र सफलताको क्रम पनि क्रमशः बढ्दो छ । तर, अझै पनि आम खेल समर्थकले चाहे र सोचेअनुरूप सफलताको सिँढी उक्लन सकिरहेको छैन । यो आफैमा विडम्बनाको कुरा हो । राष्ट्रको पहिचान, सम्मान र गरिमा अभिवृद्धि गर्न खेलकुदको विकास अपरिहार्य नै छ । खेल क्षेत्र आर्थिक पाटोसँग पनि जोडिएको छ । विकसित र विकासशील राष्ट्रहरूमा खेलकुदको व्यवसायीकरण भई अर्थतन्त्रमा राम्रो योगदान समेत गरेका छन् । विभिन्न अध्ययनले समेत यसको पुष्टि गरेका छन् । यसर्थ खेलकुदले सामाजिक-आर्थिक क्रियाकलपमा बहुआयामिक प्रभाव पुऱ्याउँछ । खेलकुदमार्फत नागरिकको शारीरिक र मानसिक स्वास्थ्य, सामूहिक भावनाको विकास र अनुशासित तथा मर्यादित जीवनयापनमा सघाउ पुग्नेछ । यसतर्फ सरकार सम्बन्धित निकायको ध्यान जान सके मात्र खेलकुद दिवस मनाउनुले सार्थकता प्राप्त गर्न सक्छ ।

### Opinion @ Social Network

अघ्यारो छ भन्दैमा जीवन सकिएको नसोच्नुहोस्,
यहाँ सुन्दर बिहानी आउन पनि त अन्धकार रात कटाउनु पर्छ ।
(धर्मगत शर्माको फेसबुक स्टाटस https://www.facebook.com/Dharmagat.sharma)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# क्षमता विकास र समन्वय मिलाऊ सरकार



**मेघनाथ दाहाल**

*मुलुकमा तीन दशकदेखि दलहरूकै दबदबा र भएको स्रोतमा यिनीहरूकै हालिमुहाली छ । राजाको छायाँमात्र पनि सत्तामा बसेका दल र तिनका नेताहरूका लागि कर्कस हुनथालेको देखिन्छ । हुन त राजा स्वयंले समयमा बुद्धि नपुऱ्याउँदाको परिणाम रमिते भएर बस्न बाध्य भएका हुन् । राजा, भारत, चीन, अमेरिका लगायत अन्य अमूर्तहरूको अनावश्यक रिस नगरी इखले काम गर्ने समय भएकाले दल र तिनका काम जनताको जीवनस्तर माथि उकास्न निर्देशित हुनुपर्दछ । वर्षेनी विकास खर्चको लोसेपनाले आन्तिरिक आर्थिक तथा व्यावसायिक वातावरणमात्र नभएर समग्र विकासको लक्ष्यमै सोचनीय परिस्थिति निर्माण भएको छ, जसका कारण आन्तरिक विकास निर्माणमा ढिलासुस्ती छ । साथमा वैदेशिक अनुदान तथा ऋणको जोहो गर्ने काममा दिनानुदिन पछि पर्दै गएको तथ्यांकले देखाएको छ ।*

कुनै पनि देशको सरकारले वार्षिक रूपमा गर्ने कामहरूको फेहरिस्त नीति तथा कार्यक्रममार्फत प्रस्तुत गर्ने गर्दछ । नीति, कार्यक्रम सरकार बनाउन सफल दल तथा दलहरूको चुनावी घोषणापत्रको आधारमा बजेट निर्माणको चरणमा पुगेर कार्यान्वयमा जाने गर्दछ । वार्षिक कार्यतालिका अनुरूप प्राथमिकतामा परेका आयोगले सिफारिश गरेका कार्यक्रमलाई विनियोजित बजेटको आधारमा कार्यान्वयनमा लाने निकाय भनेको निर्वाचित जनप्रतिनिधि र स्थायी सरकारको रूपमा रहेको कर्मचारी संयन्त्र हो । समग्र प्रक्रियामा अर्थमन्त्रालयले संयोजनकारी भूमिका खेलेको हुन्छ भने अर्थमन्त्री, योजना आयोगको उपाध्यक्ष र राष्ट्र बैंकको गभर्नरले नीतिगत रूपमा आवश्यक कामको साथमा राजनीतिक समन्वयका लागि भूमिका खेलको पाइन्छ । कार्यकारी निकायको रूपमा स्थापित स्थानीय, प्रान्तीय तथा संघीय सरकार र स्थायी सरकार भइसकेपछि उपलब्ध स्रोतसाधनकको उपपयोगका लागि आवश्यक योजनाको कार्यान्वयनमा समस्या धेरै नआउनुपर्ने हो । तर, मान्याता प्राप्त यो विधिले काम गर्न सकिरहेको छैन । समस्याको दलदलमा फस्दै गइरहेका छौं । आर्थिकमात्र नभएर सामाजिक, राजनीतिक र सांस्कृतिक समस्याको साथमा मुलुकको कूटनीति सही किसिमले चल्न सकेको छैन ।

नेपाल प्राकृतिक रूपमा मात्र सुन्दर नभएर सामाजिक, सांस्कृतिक विविधता एवं भौगोलिक बनावटको साथमा अन्य धेरै पक्षमा सक्षम हुँदाहुँदै विकासको आशातित प्रतिफल प्राप्त हुन सकेको छैन । यसका पछाडि सरकार, जनता, दातृनिकाय वा कुन तत्वले काम गरिरहेको छ भन्नेमा कसैलाई थाहा छैन । हिजो एउटा समय थियो जुनबेला दलहरूले राजालाई र राजाले दलहरूलाई दोष दिन्थे । अझ धेरै रिस उठेमा भारत र अमेरिका नेपाल र नेपाली सबैका जन्मजात शत्रु हुन्थे । एकखालका तथाकथितका लागि उत्तरतिरको मुलुक शत्रु हुन्थ्यो भने अर्कोका लागि यिनै मर्दापर्दाका छिमेकी तथा नजिकका हितैषी । अब त्यो समय रहेन । सर्वसाधारण यस किसिमको छलकपटपूर्ण व्यवहारमा प्रष्ट भइसके । मुलुकमा तीन दशकदेखि दलहरूकै दबदबा र भएको स्रोतमा यिनीहरूकै हालिमुहाली छ । राजाको छायाँमात्र पनि सत्तामा बसेका दल र तिनका नेताहरूका लागि कर्कस हुनथालेको देखिन्छ । हुन त राजा स्वयंले समयमा बुद्धि नपुऱ्याउँदाको परिणाम रमिते भएर बस्न बाध्य भएका हुन् । राजा, भारत, चीन, अमेरिकालगायत अन्य अमूर्तहरूको अनावश्यक रिस नगरी इखले काम गर्ने समय भएकाले दल र तिनका काम जनताको जीवनस्तर माथि उकास्न निर्देशित हुनुपर्दछ । वर्षेनी विकास खर्चको लोसेपनाले आन्तिरिक आर्थिक तथा व्यावसायिक वातावरण मात्र नभएर समग्र विकासको लक्ष्यमै सोचनीय परिस्थिति निर्माण भएको छ, जसका कारण आन्तरिक विकास निर्माणमा ढिलासुस्ती छ । साथमा वैदेशिक अनुदान तथा ऋणको जोहो गर्ने काममा दिनानुदिन पछि पर्दै गएको तथ्यांकले देखाएको छ । गत आर्थिक वर्षमा विदेशी ऋण तथा अनुदानमा अनुमानित रकमको ५० प्रतिशत जोहो गर्न सकेनौं । चालु आर्थिक वर्षमा यो स्थिति अझ बिग्रने निश्चितजस्तो देखिएको छ । कोभिडलगायत रसिया युक्रेन युद्ध तथा अमेरिका र चीनको व्यापार शीतयुद्ध हो भनेर, चित्त बुझाउने कोसिस गरे तापनि वास्तविकता भनेको हाम्रो स्रोत परिचालनमा देखिएको निकम्मापन हो । हाम्रो समग्र आन्तरिक राजनीतिको साथमा सुशासन र हामी आफैंले दुःखका साथ स्थापना गरेको प्रणालीमै विदेशी दातृ तथा शुभेच्छुक निकायले विश्वास नगर्ने हुन् कि भन्ने वातावरण सिर्जना हुनथालेको छ । पञ्चायतलाई बिदा गरेको तीन दशकमाथि पुगिसक्यो, हामीले विकास खर्च भनेर विनियोजित २५ प्रतिशतको हाराहारी रकम समयमा तोकिएको परियोजनामा खर्चिने क्षमता, साहस तथा ल्याकत राख्न सकेका छैनौं । लामो समयसम्म विधि बसाउन नसक्नुमा को दोषी छ ? त्यस्ता मानिसलाई कानुनको कठघरामा ल्याउनु सक्नुपर्दछ । सधैं अरूलाई दोष दिएर उम्कने काम गर्न सुहाउँदैन । हामीभन्दा धेरैपछि मात्र प्रजातान्त्रिक विधिमा प्रवेश गरेका अफ्रिकी, एशियन तथा ल्याटिन अमेरिकन मुलुकहरूले उनीहरूको समग्र आर्थिक, प्रशासनिक, सुशासनको क्षेत्रमा चामत्कारिक काम गर्न सफल भएका छन् । आशातित विकास तथा प्रतिफलको निम्ति केही समयका लागि भए पनि मुलुकभित्रका तीन प्रमुख निकायहरू अर्थ मन्त्रालय, योजना आयोग र राष्ट्र बैंकबीचको ट्युनिङ अपरिहार्य हुने महसुस गर्न भ्यायौं । खासगरी कोभिडपछिको हाम्रो अर्थतन्त्रले गति लिन नसक्नुको पछाडि यी तीन निकायबीचको ट्युनिङ मिल्न नसक्नु हो । अर्थतन्त्रको कार्यकारिणी अधिकारसहित अर्थ मन्त्रालयको बागडोर सम्हाल्ने व्यक्ति अर्थमन्त्री, वित्तीय क्षेत्रको सर्वाधिकार सम्पन्न तर सरकारको सहयोगीको रूपमा आसीन केन्द्रीय बैंकको प्रमुखको रूपमा विद्यमान गभर्नर रहेका हुन्छन् । योजना आयोगले प्राथमिकता निर्धारण र परियोजना छनौटमा खेल्ने भूमिकाको निमित्त वित्तीय क्षेत्र र कार्यकारिणी अधिकारीबीच उच्चस्तरको समन्वय हुन आवश्यक मानिन्छ । यसो हुनसकेमा सरकार कसको नेतृत्वमा र कुन दलले बनायो भन्ने विषयले अर्थ राख्दैन । जुटेको वित्तीय, प्राविधिक तथा मानवीय साधनको सहायताले वस्तु उत्पादनमा र देशको प्रगति गर्ने काममा सफल हुन सकिन्छ । वास्तविकता कस्तो रहँदै आएको देखिन्छ भने अर्थ मन्त्रालय, केन्द्रीय बैंक र योजना आयोगको उपाध्यक्षहरू आ-आफ्ना दलहरूका कार्यकर्ताजस्तो व्यवहार मन्त्री, गभर्नर तथा उपाध्यक्ष भइसकेपछि पनि गरिरहेका हुन्छन् । आफ्नो भूगोलभित्र उपलब्ध भएको प्राकृतिक स्रोतको उत्पादनमुखी काम सफलताका साथ गर्न सकिन्छ । मिलिजुली सरकार बनाउने काममा दलहरू सबै किसिमका सम्झौता गर्न सफल भए तर प्रगतिशील सोचको विकास र यसको कार्यान्वयनमा यतिका वर्षसम्म सकेका छैनन् । शिक्षा विधेयक, निजामती विधेयक, लगानी विधेयक, सम्पत्ति शुद्धीकरणसम्बन्धी विधेयकलगायत कानुन निर्माणको चरणमै अल्झेर बसेका छन् । आठ वर्षको दौरान संघीयता कार्यान्वयनमा कति सफलता हासिल गऱ्यौं गहन बहस र दलहरूले आत्मआलोचना समेत गर्न भ्याएका छैनन् । संस्थागत भ्रष्टचारमा कमी आउनुको सट्टा दिनानुदिन वृद्धि हुँदै गएको छ । सर्वसाधारणको आवश्यक न्यूनतम काम र सरकारी सेवाको प्रत्याभूति सार्वजनिक क्षेत्रबाट सजिलै हुनसके विभिन्न विभागीय समन्वय तथा सहकार्य बढेर जाने थियो । विस्तारै आन्तरिक रूपमा सकारात्मक परिणाम भित्र्याउन सक्ने थियो । सरकारका प्रमुख अवयवको निरन्तरको क्षमतामा ध्यान पुऱ्याउन आवश्यक छ । खासगरी तालिम, शिक्षा, अवसर, इमानदारी जस्ता पक्षसँगै नयाँ प्रविधिसँग साक्षात्कार हुने विषयले अर्थ राखेको हुन्छ । यदि सरकारका सबै एकाइलाई सबल बनाउने हो र सेवाप्रवाहमा नयाँ प्रविधिको उचित प्रयोग गर्नसक्ने हो भने सार्वजनिक पदमा बसेका व्यक्तिमा दक्षता वृद्धिको साथसाथै सूचना आदानप्रदानमा सजिलो हुनसक्छ । स्थायी सरकारका रूपमा रहेको निजामतीलगायत सुरक्षाका निकाय एवं शैक्षिक क्षेत्रका व्यक्ति नयाँ प्रविधिसँग परिचित हुनसक्नुपर्दछ । एक्काइसौं शताब्दीको ज्ञान पुस्तकको साथसाथै सूचना प्रविधिमा पनि आधारित छ । यसको आवश्यकता सबैभन्दा बढी निर्वाचित विधायकहरूमा खड्किएको पाइन्छ । मुलुकलाई चाहिने सबै किसिमका नियम, कानुनको बन्दोबस्तीका लागि पहिलो ज्ञानमा नयाँ प्रविधि तथा विश्वपरिवेशको बारेमा सुसूचित हुन आवश्यक छ । उपलब्ध विकास बजेट खर्चिन नसकेर रोइलो छ तर विदेशी एकपक्षीय तथा बहुपक्षीय निकायसँग गुहार माग्न पछि परेका छैनौं । यसरी कहिलेसम्म चलिरहन सक्ला मुलुक ?

अन्त्यमा, उत्पादन, सीप, प्रविधि, निर्यात, सेवालगायत पक्षमा क्षमता अभिवृद्धि नगरी हुँदैन । संविधानले दिएको अधिकार र कर्तव्यलाई कार्यान्वयनमा लैजान दलले अनावश्यक खिचडीको सुरुवात गर्नुको कुनै तुक देखिँदैन । स्रोतको उपलब्ध र उत्पादनमुखी प्रयोग पहिलो र अन्तिम काम हो । आर्थिक रूपमा सबल, सक्षम बन्दै नजाने हो भने जतिसुकै राम्रा र गुलिया कुरा गरे पनि केही हुने देखिँदैन । त्रिभुवन विश्वविद्यालय र केन्द्रीय बैंकको सहकार्यमा गरिएको एक अनुसन्धानले नेपालको ४२ प्रतिशत आर्थिक गतिविध अनौपचारिक क्षेत्रमा भएको देखाएको छ । हाम्रोजस्तो ५३ खर्बको जिडिपी भएको सानो मुलुकको हकमा २० खर्बभन्दा माथिको आर्थिक गतिविधि राज्यको संयन्त्रभित्र नपर्नु अत्यन्तै भयावह स्थिति हो । मुलुकको समग्र विकास तथा सारा बेथितिहरूको न्यूनीकरणका लागि सरकारी संयन्त्रहरूबीचमा आपसी समन्वयको अपरिहार्यता टड्करो रूपमा देखिँदैछ ।

***-इहिमालय टाइम्स डटकम***

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नर्सिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४


### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : अनावश्यक काममा खर्च गर्नु पर्नेछ, सकेसम्म जोगिनु नै उचित हुनेछ । | **तुला** : अवसर आउनाले मन प्रसन्न रहनेछ । कार्य क्षेत्रमा प्रगति हुनेछ । |
| **वृष** : धार्मिक र सांस्कृतिक सभा समारोहमा सरिक हुने सम्भावना छ । | **वृश्चिक** : पारिवारिक साथ, सुख मिल्नुका साथै खुसीको खबर सुन्न पनि पाउनु हुनेछ। |
| **मिथुन** : रोकिएका काम र जग्गा जमिनको कारोबारबाट राम्रो फाइदा हुनेछ। | **धनु** : दाम्पत्य जीवनमा निरासता आउन सक्छ । अनावश्यक धन खर्च हुनेछ । |
| **कर्कट** : बुद्धिको उपयोग गर्नाले जटिल ठानिएको कामसमेत सम्पादन हुन सक्छ। | **मकर** : दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ । स्वादिष्ट भोजन पाइनेछ । |
| **सिहं** : क्रोधलाई नियन्त्रणमा राखी काम गर्दा राम्रो प्रतिफल पाइने समय छ । | **कुम्भ** : बन्दव्यापार र पेसा व्यवसायका क्षेत्रमा उन्नति प्रगतिको वातावरण बन्नेछ। |
| **कन्या** : परिवारजनको साथले नयाँ आशा पलाउनेछ । नयाँ कार्यको योजना बन्नेछ । | **मीन** : रमाइलो यात्राको सम्भावना छ र त्यसबाट दीर्घकालिक फाइदा पुग्नेछ । |

# साहित्य दर्पण

समीक्षा/पुस्तक चर्चा — पुष्कर अथक रेग्मी

## शोककाव्य बुद्धि






सरल, सहज, छन्दोबद्ध भाषाशैली, सन्दर्भयुक्त वातावरण वा परिवेशसहित समर्पण, स्मरण र प्राप्तिसहितको जीवनदृष्टि वा उद्देश्य लगायतका आधारभूत तत्वहरु बुद्धि शोककाव्यभित्र रहेका छन् । उदयानन्द अर्ज्यालद्वारा लिखित 'बेतालपच्चीसी' नेपाली साहित्यको प्राथमिक कालिन पहिलो खण्डकाव्य हो भने युवा कवि मोतिराम भट्टद्वारा लिखित 'पिकदूत' '१९४३', र 'उषाचरित्र' '१९४३' माध्यमिक काल भित्र ल्याउने पहिलो खण्डकाव्यहरु हुन् । भाषिक एवं शैलीगत परिस्कारका साथ लेखनाथ पौड्यालद्वारा लिखित 'ऋतुविचार' '१९७३' आधुनिककालिन पहिलो खण्डकाव्य हो । शास्त्र कवि पं. माधवप्रसाद देवकोटाद्वारा लिखित 'हुस्सु पथिक' '२०१०' प्रकाशन भएसँगै पाल्पामा आधुनिक खण्डकाव्य लेखनको शुभारम्भ भएको हो ।

पिताजीको स्मृतिमा समर्पित 'बुद्धि खण्डकाव्य' का रचयिता नारायणी शर्मा माता ढालकुमारी आचार्य र पिता स्व बुद्धिनाथ आचार्यकी माहिली सुपुत्री हुनुहुन्छ । सौभाग्य माध्यमिक विद्यालय चिदीपानी, पाल्पाबाट प्रवेशिका परीक्षा उत्तीर्ण भई त्रिभुवन बहुमुखी क्याम्पस पाल्पाबाट नेपाली साहित्यमा एम.ए. उत्तीर्ण गरी तानसेन बहुमुखी क्याम्पस र मिलेनियम सेकेण्डरी स्कुल तानसेन, पाल्पामा नेपाली विषय प्राध्यापन गर्दै आउनुभएकी नारायणी शर्माज्यूले रोजगारीको सिलसिलामा दुई दशकअघि दैनिक जनसंघर्ष पत्रिकामा कार्यरत रहँदा देखिनै कविता र लेखहरु प्रकाशित गर्नु भएको थियो । पाल्पा तानसेनमा आयोजना हुने साहित्यिक कार्यक्रमहरुमा समेत शर्माजी उपस्थित भई कविता वाचन गर्दै आउनुभएको छ ।

गतवर्ष २०७९ पौष २० गते ८१ वर्षको उमेरमा बाबाको परलोक गमन भएपछि पर्न गएको बज्रपातले म किंकर्तव्ययीमूढको स्थितिमा रहें । यद्यपि आफ्नो दिनचर्या चल्दै गयो । वर्ष दिन बित्न लागेको पत्तै भएन । म झल्याँस्स भएँ । मात्र एक महिना बाँकी छ । बाबाको स्मृतिमा शोककाव्य प्रकाशित गर्ने धोको भयो र खण्डकाव्य तयार पारे । समय छोटो छ । पहिल्यै साँच आएन । पछि मात्र आयो र यति लेखें । प्रकाशन योग्य छ या छैन ? छाप्न हुन्छ या हुँदैन ? हेरेर भनिदिनुस् न सर ।' भन्दै मलाई शर्माजीले पाण्डुलिपि देखाउनु भएको केही दिनमै पाण्डुलिपि पुस्तककार रूपमा सार्वजनिक भएको थियो । जुन काव्यले नारायणीजीलाई कवयत्रीको रूपमा प्रतिष्ठापित गरेको छ । बाबा बुद्धिनाथ आचार्यको स्मृतिमा तयार पारिएको बुद्धि शोककाव्य भित्र तेह्रओटा परिच्छेद र १४२ ओटा श्लोकहरु रहेका छन् । शिखरिणी, मन्दाकान्ता र शार्दूलविकिडित छन्दमा लेखिएका भजब श्लोकहरु करुण र शान्त रसमय रहेका छन् । शुरुदेखि अन्त्यसम्म आख्यानात्मक कलाको सुन्दर काव्यिक संयोजन रहेको छ । 'तीव्रतम् दु:खको कथानै सबभन्दा मिठो गीत वा कविता हो । 'शेलीले भनेको यो उद्गार प्रस्तत खण्ड काव्यसँग मेल खान्छ । मृत्यु कसैका लागि पनि रुचिकर छैन । मृत्यु अशुभ र नीच भएकोले मृत्युसँग सबै डराउँछन् र अहिलेसम्म कसैले पनि मृत्युलाई जित्न सकेको छैन । मृत्युलाई पापी र घृणाको पात्र मान्दै कवि शिरोमणि लेखनाथ पौड्यालले 'काल महिमा' काव्य मार्फत कठोर शब्दप्रहार गरे तापनि उदियमान् स्रष्टा शर्माजीले भने बाबाको मृत्युलाई सहज, सरल र सम्मानजनक रुपमा काव्यिक संरचनामा संयोजन गर्नु भएको छ । जीवनको एकदेशीय यथार्थ अभिव्यञ्जित भएका कथावस्तु वा कथानक, मानवीय पात्रको रुपमा बाबा र परिवारजनका साथै मानवेत्तर पात्रको रुपमा प्रकृत्तिजन्य विषयवस्तु पात्र वा चरित्रका रुपमा उपस्थित भएका छन् । सरल, सहज, छन्दोबद्ध भाषाशैली, सन्दर्भयुक्त वातावरण वा परिवेशसहित समर्पण, स्मरण र प्राप्तिसहितको जीवनदृष्टि वा उद्देश्य लगायतका आधारभूत तत्वहरु बुद्धि शोककाव्यभित्र रहेका छन् । उदयानन्द अर्ज्यालद्वारा लिखित 'बेतालपच्चीसी' नेपाली साहित्यको प्राथमिक कालिन पहिलो खण्डकाव्य हो भने युवा कवि मोतिराम भट्टद्वारा लिखित 'पिकदूत' '१९४३', र 'उषाचरित्र' '१९४३' माध्यमिक काल भित्र ल्याउने पहिलो खण्डकाव्यहरु हुन् । भाषिक एवं शैलीगत परिस्कारका साथ लेखनाथ पौड्यालद्वारा लिखित 'ऋतुविचार' '१९७३' आधुनिककालिन पहिलो खण्डकाव्य हो । शास्त्र कवि पं. माधवप्रसाद देवकोटाद्वारा लिखित 'हुस्सु पथिक' '२०१०' प्रकाशन भएसँगै पाल्पामा आधुनिक खण्डकाव्य लेखनको शुभारम्भ भएको हो । हालसम्म पाल्पामा दर्जनौं कवि कवयित्रीहरुले खण्डकाव्य लेखी प्रकाशित गरिसकेको अवस्थामा स्रष्टा नारायणी शर्माले पनि खण्डकाव्यकारको रुपमा पाल्पाको साहित्यिक इतिहासमा पदार्पण गर्नुभएको छ । प्रस्तुत कृति पितृ वियोगको गहिरो पीडाले रन्थनिएको छन्दोवद्ध काव्य कृति हो । कृति महनीय पठनीय र संग्रहणीय रहेको छ । लेखकीय सफलताका लागि शुभकामना । बाबाको वैकुण्ठ वासको प्रार्थना ! बाबाको आशिर्वाद सदैव सबैलाई मिलिरहोस् । ॐपितृदेवाय नमो नम :

---

निबन्ध — अमृत

## विचारको चक्रवात

सायद जीवन मन्थन गर्ने चिज होइन होला कि । थाहा छैन अचानक आज मेरो एक पसार मस्तिष्कले मन्थनको रणमैदानमा किन कुस्ती खेलिरहेछ । विचारको वारपार तर्ने साँघुको अर्को नाम जीवन हो रहेछ । तपाई विचार हीन भएर कसरी रहन सक्नुहुन्छ ? विचारकै बाटो भएर जीवनमा कर्मको बाटो सम्भव होला । कर्मका खेतहरूमा फुलेका फूलहरू सँगै उभिएको छ चराचरको सुन्दर अस्तित्व । सायद सुन्दर विचारको बाटो भएर कर्मका सुन्दर यथार्थहरू बेहिसाब देखिने गर्छन् । जहाँ हिसाबको लेखाजोखा हुँदैन सायद जीवन त्यही अन्त्य हुन्छ होला । के जीवन अन्त्य हुने चिज हो र ? म के लाई अन्त्य भनिरहेछु ? मैले खोजेको अन्त्य जीवन हो या जीवन सँगै एक पसार मस्तिष्कमा उम्रिएको विचार ! यो बुझिनसक्नु जीवन के हो ? हरेक शब्दका विपरीत अर्थहरू छन् ।

केही पाए जस्तो केही गुमाए जस्तो । जीवन एक आभास रहेछ । पाउनु र गुमाउनु सायद जीवनको सुन्दर कला हो । कलाविहीन जीवनको अर्थ मौसम जस्तो बेमौसम हो रहेछ । सरस, सरल र कोमल मनको बाटो हुँदै विचारको नदी बेप्रवाह बगिरहेछ । कहाँ पुगेर कुन देउरालीको कुन चौतारीको कुन चैं छपनीमा लामो सुस्केरा सहित बिसाइ मेट्ने हो पत्तो छैन । सायद बिसाइको नाम जीवन होइन । यो बहिरहने बतास जस्तो हो रहेछ । सुस्केरा सुसेल्दै बहिरहने निरन्तर निरन्तर । कतै पुगे जस्तो लाग्ने तर कतै नपुगेको आभास भैरहने । सायद कहिल्यै तृप्त नहुने जीवन भोक हो रहेछ । ती तमाम जीवन जो चराचरमा आए । केही अभिनय गरे । केही प्राप्त गरे भन्ने भ्रम लिए र रित्तै गए । रित्तै गएकाहरू जसको चिता अगाडी उभिएर म अझै अभिनयका नयाँ क्लाइमेक्सहरूमा उद्वेलित भैरहेछु । चितामा मस्त छ जीवन सकाएर हिँडेको फकिर यात्री । जिउँदो फकिर उसकै अगाडी अनेक अभिनयमा लिप्त छ । कहाँ छ होला मौसम जस्तो जीवन । कहाँ छ होला जङ्गल चाहर्दै बग्ने हिमनदी जस्तो कलकल । सायद म खोजिरहेछु कस्तुरी जस्तो र रनभुल्ल छु ।

सबै पाएर पनि त्यागेको जस्तो के छ होला मसँग । सबै गुमाएर पनि केही लिएर हिँडेको जस्तो के त्यस्तो मूल्यवान् छ होला मसँग । खासै भए जस्तो लाग्ने खासै केही नभए जस्तो लाग्ने । छ र छैनको बीचमा हिँडेको एउटा पथिकसँग यो भन्दा ठुलो भ्रम अर्को के हुनसक्छ होला । कतै भरिएको छ कतै भरिएर पोखिएको छ । कतै रित्तो रित्तो छ । आखिर कहाँ भरिएको र कहाँ रित्तो छ होला जीवन । चिताको सामुन्ने उभिएर म सोचिरहेछु । यो खाली खाली जीवनको अन्तिम बिदाइ । बच्चा भएर आयो र बुढ्यौली लिएर गयो । सायद उसले लाने भनेको शारीरिक वृद्धि होला । जीवन बुझेकाहरू के भन्छन् होला ? अँ साची ! जीवन कसले बुझेको होला ? मैले अझै भेटेको छैन जीवन बुझेको छु भन्ने मान्छे । साँचै जीवन बुझेको मान्छे कस्तो हुन्छ होला ? के जीवन बुझ्ने चिज हो र ! सायद जीवन बुझ्ने चिज पनि होइन होला । जीवन भोग्दै जाने चिज हो कि ! थाहा छैन जीवन कस्तो रहस्यको बाटो भएर हिँड्छ । जहाँ रहस्य छ सायद त्यहाँ जीवन छ । अँध्यारोमा आँखा चिम्लँदा पनि केही चिज त देखिन्छ नि ! जीवन अँध्यारो जस्तो रहस्य पनि होइन होला । लाग्दै छ ! जीवन भोगाइ हो रहेछ । जे आउँछ पचाउँदै जाने । जीवनमा केही आउनका लागि कर्म अनिवार्य सर्त होला । सर्त नै नभनौं कि । सर्त जस्तो अन्य केही । के जीवनका लागि कर्म अनिवार्य सर्त हो ? आकाशमा कावा खाइरहेका चिलहरू झैं म पनि विचारको निराकार ईश्वरसँग जीवनको मन्थन गरिरहेछु । सायद जीवन मन्थन गर्ने चिज होइन होला कि । थाहा छैन अचानक आज मेरो एक पसार मस्तिष्कले मन्थनको रणमैदानमा किन कुस्ती खेलिरहेछ । विचारको वारपार तर्ने साँघुको अर्को नाम जीवन हो रहेछ । तपाई विचार हीन भएर कसरी रहन सक्नुहुन्छ ? विचारकै बाटो भएर जीवनमा कर्मको बाटो सम्भव होला । कर्मका खेतहरूमा फुलेका फूलहरू सँगै उभिएको छ चराचरको सुन्दर अस्तित्व । सायद सुन्दर विचारको बाटो भएर कर्मका सुन्दर यथार्थहरू बेहिसाब देखिने गर्छन् । जहाँ हिसाबको लेखाजोखा हुँदैन सायद जीवन त्यही अन्त्य हुन्छ होला । के जीवन अन्त्य हुने चिज हो र ? म के लाई अन्त्य भनिरहेछु ? मैले खोजेको अन्त्य जीवन हो या जीवन सँगै एक पसार मस्तिष्कमा उम्रिएको विचार ! यो बुझिनसक्नु जीवन के हो ? हरेक शब्दका विपरीत अर्थहरू छन् । सुख-दु:ख, हाँसो-खुसी, राम्रा-नराम्रो, अर्थ-अर्थहीन । अर्थ खोज्ने विचारको कारखानाले हो । कारखानामा थुप्रै थुप्रै आकारहरूको निर्माण हुन्छ । निर्माणका लागि विचार सैद्धान्तिक पक्ष हो तथापि भौतिक चिजहरूको मेलले सार्थकता ल्याउँछ । हामी सार्थक जीवन बाँच्ने धेयमा दौडिरहेछौं । के जीवन सार्थक र निरर्थक हुन्छ होला र ? जीवन जसरी बाँचिन्छ त्यो नै जायज होला । जीवनलाई जीवन जस्तै बाँच्नु सायद जीवन होला । तर जीवन ठ्याक्कै यही हो भनी कसरी पहिल्याउने ? सायद हामी विचारको द्वन्द्वमा जीवनलाई पासो लगाइरहेछौ । ठ्याक्कै कतै भेटिँदैन सिर्जनाको मुहान, जसले खोजोस् जीवनको उद्गम र बाँडोस् जीवन भन्ने खानेकुरा । बिचारको निराकार यात्रामा म पछ्याइरहेछु लेकमा फुल्ने गुराँस जस्तो जीवन, पहरामा मुस्कुराएको सुनाखरी जस्तो जीवन, पाखै ढाकी मोहनी लगाउने बुकी जस्तो जीवन, आँखाभरि टाँसेर हिँड्ने हिमाल, फाँटहरूमा छाल झैं झुलिरहेका बालाहरू जस्तो जीवन, समुद्रका छाल झैं बहेली खेल्ने जीवन । चराचरको निमेषमा उभिएर यो झिनो मस्तिष्कले म रङ्याउन खोजिरहेछु जीवनको बहुरूप । सगर अवर्णनीय छ । म त्यही अवर्णलाई वर्णन गर्ने चेष्टामा मोलमोलाइ गरिरहेछु ।

सायद उत्सुकताको अर्को नाम जीवन हो । कौतूहल बोकेर म केही मानकहरू स्थापित गरिरहेछु र स्थापना भएका मानकहरू भत्काइरहेछु । जे स्थापना हुनेछन् ती नितान्त मेरा विचारका संरचनाहरू हुनेछन् । जे भत्काइनेछन् समयक्रमसँगै आफ्ना र अरू कसैका विचारहरू भत्कने छन् । के यो भत्कने र निर्माण गर्ने थलो हो र ? हामी विचारको पिरामिडले ग्रस्त अस्वस्थ प्राणी हौं । जब कोही अस्वस्थ छ त्यसले स्वस्थशैलीको निर्माण कसरी गर्छ । शैली निर्माण विचारको निमेषमा अङ्कुराएको बीज हो । विचारको खेतमा थुप्रो बिउहरूको रोपण हुन्छ तथापि सबै बिउहरू टुसाउँदैनन् । धर्तीको गर्तमा विलीन भैजान्छन् । कुनै कालखण्डमा जब उत्खनन हुन्छन् तब टुसाउन थाल्छन् र महत्त्व पनि राख्छन् । मानव स्वभावमा प्रयोग हुने विचारका पुञ्जहरू स्वाभाविक हुन् । आउने र जाने क्रम नियमित अनियमितता हो । सबै विचार सार्थक निर्माण होइनन् तथापि निर्माणका सेतु हुन् । जब स्वीकार सहित अहोभाव हाबी हुन्छ तब हरेक स्थिति शान्त हुन्छ । बोध घटित हुन्छ । तब मानव मुक्त हुन्छ । विचार शून्य हुन्छ । अब विचारको विकल्प के हुनसक्छ होला ? तपाई जुन दृष्टिले जीवनलाई नियाल्नु हुन्छ जीवन त्यस्तै देखिन्छ । जुन विचारले डोऱ्याउनुहुन्छ त्यतै डोरिएर हिँडिरहन्छ । भरोसा कहाँ छ र जीवनको । तपाईंले निर्माण गरेको ईश्वर कतिबेला ढल्ने हो पत्तो छैन । परमात्माको अडेसमा कतिञ्जेल बाच्ने हो जीवन । कतिञ्जेल आस्थाको फूलबारीमा मुस्कुराउने हो तपाइको ईश्वर । तपाई त निर्माणको आधारमा टेकेर नयाँ निर्माणको सोच विकास गर्नुहुन्छ । के नयाँ निर्माणमा पुरानो आस्था रहला ? पूर्ण भएर मुग्ध उभिएको ईश्वर विचारको पराकाष्ठा बाहेक अरू के हुनसक्छ । जब आस्था ढल्छ तब विचारको अर्को जीवन खडा हुन्छ । आस्था परिवर्तन हुँदै जान्छ । त्यागको अर्को चरण शुरु हुन्छ । सायद परिवर्तन जीवनको सुन्दर नियम हो ।

जीवन हिसाब किताबको गणित होइन । छुट्दै जानु, बग्दै जानु सायद अविरल यात्रा हो । जसरी विचारहरू क्षणमा उम्रन्छन् र क्षण मै मर्छन् । अधिकांश विचारहरू सम्झनामा जीवित हुँदैनन् । विचार सहितको त्याग जिउनुको सार्थकता होला । बोध सहित उभिनु आफू हुनुको यथार्थ होला । आवरण समय दृष्टिको अभिनय भए पनि रूपान्तरणको जग हुनसक्छ होला । जीवनको मञ्चमा सब थोक जायज छ । जायज भएकै कारण सहज बन्दै जानु समयको माग बन्न पुग्छ । फदयमा जागृत हुने भावनाहरू अँध्यारो-उज्यालो, उज्यालो-अँध्यारोको सार्थक बाटो हो । तर तपाई भित्रको फदयको अर्को पाटो जसले जाग्नमा सधैं अल्छी गर्छ त्यो अँध्यारो मात्रै हो । अर्थात् उज्यालो तिर फर्कन नचाहने कुरूप स्थिति हो । एउटा मान्छे जो विचारको द्वन्द्वमा बाँचिरहेछ । विचारको चक्रवात सामाजिक संरचनाले निम्त्याउँछ । हामी दोधारमा बाँचिरहेछौं । संरचनाको दोषलाई बोधको इरेजरले मेटाउने हो भने सायद मानव अस्तित्व सार्थक बन्न सक्ला । सबै चिज कहाँ सजिलै प्राप्त हुन्छन् र ! त्याग - बोधको प्रारम्भ हो ।

-साहित्यपोस्ट डटकम

# आज अन्तर्राष्ट्रिय खेलकुद दिवस मनाइँदै





**पाल्पा,** चैत २३/विश्वभर खेलकुदका कार्यक्रहरु गरि आज अन्तर्राष्ट्रिय विकास र शान्तिको लागि खेलकुद दिवस मनाइदैं छ । खेलकुदका माध्यमबाट विश्वभरको गरिबी उन्मूलन, असमानतारहित, सुन्दर र शान्त समाजको सन्देश प्रवाह गर्नका लागि हरेक वर्ष विश्व खेलकुद दिवस मनाउने गरिन्छ ।

संयुक्त राष्ट्र संघको साधारण सभाले सन् २०१३ देखि यो दिवस मनाउन शुरु गर्ने निर्णय गरेको हो । नेपालमा पनि २०१५ यता यो दिवस निरन्तर रूपमा मनाइँदै आएको छ । खेलकुद एउटा विश्वब्यापी भाषा हो, यो समाजमा हुनेगरेको सबै किसिमको भेदभावबाट मुक्त हुन्छ । खेलकुदले युवा महिला र पुरुष जनसंख्या, व्यक्तित्व र समुदायहरूको साथसाथै स्वास्थ्य, शिक्षा र सामाजिक उद्देश्यहरूको सशक्ततालाई प्रोत्साहन पनि गर्दछ । यूएनका साथै अन्तर्राष्ट्रिय ओलम्पिक कमिटी, इन्टरनेसनल युनिभर्सिटी स्पोर्टस, एफआईए फाउन्डेसन, इन्टरनेसनल काउन्सिल अफ स्पोर्टस साइन्स एन्ड फिजिकल एजुकेस नलगायत खेलकुद सम्बन्धी अन्तर्राष्ट्रिय निकायहरूले समेत यो दिवस मनाउन विश्वव्यापी आह्वान गरेका थिए । समाजमा सामाजिक परिवर्तन, सामुदायिक विकास र शान्ति तथा आपसी समभ्रूदारी स्थापनामा खेलकुदलाई माध्यम बनाउनका लागि वार्षिक रूपमा यो दिवस मनाउन थालिएको हो ।

नेपालमा पनि २०१५ यता यो दिवस निरन्तर रूपमा मनाइँदै आएको छ । अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीसँगको सहकार्यमा यूएनले विश्वव्यापी रूपमा मनाउने यो दिवस नेपालमा पनि मनाइँदै आइएको हो । नेपालमा हरेक वर्ष यो दिवस मनाइए पनि खेलकुद विकासमा देखिएका समस्याहरु भने जस्ताको तस्तै छन् । सरकारले खेल दिवसका लागि ठूलो मात्रमा बजेट विनियोजन गरे पनि त्यसको सहि सदुपयोग भने हुन सकेको छैन । खेलकुद नीतिको तीखो अभाव र निषेधको राजनीतिका कारण नेपालमा खेल क्षेत्रको विकास हुन नसकेको हो । मुलुकमा हरेका क्षेत्रमा विकासका प्रचुर सम्भावना छरिएर रहेजस्तै खेलक्षेत्र मात्र अपवाद रहन सक्दैन । यहाँ खेलमैदान र स्तरीय रंगशालाको उचित व्यवस्था हुन सके पनि खेलकुदले राम्रो फड्को मार्न सक्छ । मात्र सरकारसँग खेलकुद क्षेत्रको विकास गर्ने इच्छा र आकांक्षा हुनुपर्दछ । राष्ट्रको पहिचान, सम्मान र गरिमा अभिवृद्धि गर्न पनि खेलकुदको विकास अपरिहार्य नै छ ।

## खेलकुद समाचार

### बरोडासँग नेपालको पराजित



**काठमाडौं,** चैत २३/आइसिसी टी-२० विश्वकप २०२४ को तयारीका लागि भारतमा रहेको नेपाली क्रिकेट टिम भारतको रणजी टिम बरोडासँग ३७ पराजित भएको छ । शुक्रबार गुजरातमा बरोडाले दिएको १५७ रनको लक्ष्य पछ्याएको नेपाल १८.५ ओभरमा ११९ रनमा अलआउट भएको हो ।

यसअघि लगातार तीन खेलमा जित निकालेको नेपाल फाइनल भने पुगिसकेको छ । नेपालले आइतबार गुजरातसँग फाइनल खेल्दैछ । नेपालले लिग चरणमा गुजरातलाई दुवै खेलमा हराउँदा बरोडाविरुद्धको पहिलो खेल पनि जितेको थियो । शुक्रबार ब्याटिङमा नेपालका लागि सन्दीप जोराले अर्धशतक प्रहार गरे पनि अरु ब्याटरले उल्लेख रन जोड्न सकेनन् । सन्दीपले ४३ बलमा ३ चौका र ४ छक्का प्रहार गर्दै ५६ रन जोडे । ओपनरद्वय कुशल भुर्तेल १६ रनमा आउट हुँदा उनका ओपनिङ पार्टनर अनिल साहले १ रन मात्र जोड्न सके । गुल्सन झा २ रनमा पेभिलियन फर्कदा विवेक यादवले १७ रन बनाए । करण केसी ० र प्रतिश जिसी ६ रन जोडेर आउट भए । कुशल मल्ल पनि १९औं ओभरमा ३ आउट हुँदा नेपालको आसा सकिएको थियो । बलिङमा बरोडाका ध्रुव पटेलले ३ विकेट र लक्षित तोक्सियाले ३ विकेट लिए । त्यसअघि टस जितेर ब्याटिङ गरेको बरोडाले ८ विकेटको क्षतिमा १५६ रन जोड्यो । उसका लागि शास्वत रावतले ३१ रन, ध्रुव पटेलले २९ रन, अमित पासीले २६ रन जोडे । बलिङमा नेपालका करण केसी र गुल्सन झाले २-२ विकेट लिए । आकास चन्द, ललित राजवंशी र प्रतिश जिसीले १-१ विकेट लिए । खेलका लागि नेपाली टिममा चार परिवर्तन गरिएको थियो । दीपेन्द्रसिंह ऐरीलाई कप्तानको जिम्मेवारी दिइएको थियो । अघिल्लो खेलमा उनी टिममा थिएनन् । खेलमा रोहित पौडेल, सोमपाल कामी, अभिनास बोहरा र आसिफ शेखलाई आराम दिइयो । करण केसी टिममा फर्किदा आकास चन्द र ललित राजवंशीलाई पहिलो पटक खेलाएको हो ।

## अर्थ/कर्पोरेट समाचार

# सुरक्षित ऋण प्रवाहमा जोड




**काठमाडौं,** चैत २३/राष्ट्रियसभाका सदस्यहरुले सुरक्षित र सहज तरिकाबाट ऋण प्रभाव हुने गरी विधेयक संशोधन गरिनुपर्नेमा जोड दिएका छन् । सिंहदरबारमा शुक्रबार आयोजित 'सुरक्षित कारोबार ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक' माथि दफाबार छलफलको क्रममा उनीहरुले सुरक्षित र सहज ऋण प्रवाहमा जोड दिएका हुन् ।

विधायन व्यवस्थापन समितिका सभापति जयन्तीदेवी राईले ऋण दिने विषयमा सहजता र सुरक्षित हुने गरी विधेयक संशोधन गर्नका लागि सुझाव दिएका छन् । "संशोधन गर्न बनेको विधेयकमा कसरी सुरक्षित ऋण प्रभाव गर्न सकिन्छ भन्ने विषयमा ध्यान दिइयोस्", उनले भनिन्, "ऋण सहज तरिकाले उपलब्ध नभइरहेको अवस्थामा अब सहज तरिकाबाट ऋण प्रभाव हुने गरी नीतिगत व्यवस्था होस् ।" यसैगरी राष्ट्रियसभा सदस्य भगवती न्यौपानेले एउटै धितोमा पटकपटक ऋण प्रभाव गर्न नपाउने गरी विधेयक संशोधन गर्नका लागि सुझाव दिइन् । यसैगरी राष्ट्रियसभा सदस्य किरणबाबु श्रेष्ठले धितोको मूल्याङ्कन गर्ने मापदण्ड तयार गरेमा सुरक्षित कारोबार हुन सक्ने बताए । राष्ट्रियसभा सदस्य पदम परियारले पछाडि परेका समुदायले सहज तरिकाले ऋण पाउने गरी नयाँ कानुनी व्यवस्था लागू हुनुपर्नेमा जोड दिए । कुनै पनि व्यक्ति तथा निकायबाट राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा गर्ने कारोबारलाई सुरक्षित र व्यवस्थित बनाउने लक्ष्यका साथ विधेयक संशोधन गर्न लागिएको हो ।

विश्वव्यापीकरण, आर्थिक उदारीकरण र सूचना प्रविधिमा आएको परिवर्तनले आर्थिक क्रियाकलापमा पनि परिवर्तन आइरहेको सन्दर्भमा कारोबारलाई थप सुरक्षित बनाउने गरी विधेयक परिमार्जन गर्न विषेशज्ञ सुमन आचार्यले सुझाव दिए । उनका अनुसार अन्नबाली खनिज पदार्थ आदिलाई पनि धितोको रुपमा राखिने छ । *-रासस*

# लुम्बिनीमा माओवादी नेतृत्वको...

...मुख्यमन्त्री पदमा महराले बहुमत सदस्यको हस्ताक्षर शुक्रबार प्रदेश प्रमुख अमिक शेरचनलाई बुझाए थिए । शेरचनले संविधानको धारा १६८ को उपधारा २ बमोजिम उनलाई मुख्यमन्त्रीमा नियुक्त गरेका हुन् । माओवादीका स्थायी समिति सदस्यसमेत रहेका महरा रोल्पा निर्वाचन क्षेत्र नं. १ (१) बाट निर्वाचित भएका थिए ।

माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालका विश्वासपात्र मानिने महरा रोल्पाको सुनीलस्मृति गाउँपालिका-५ का स्थायी बासिन्दा हुन् । २०३५ सालदेखि विद्यार्थी आन्दोलनबाट राजनीतिमा लागेका उनी २०७९ माघमा एमालेका पोलिटब्युरो सदस्य लीला गिरी नेतृत्वको लुम्बिनी प्रदेश सरकारमा अर्थमन्त्री बनेका थिए । मुख्यमन्त्री नियुक्त नहुँदै सत्ता गठबन्धन दलले भने मन्त्रालय बाँडफाँट गरेको छ ।

दलहरूबीच नेकपा एमालेलाई चार, माओवादी केन्द्रलाई मुख्यमन्त्रीसहित तीन र बाँकी अन्य मन्त्रालय साना राजनीतिक दलहरूलाई दिनेगरी सहमति भएको स्रोतले जनाएको छ । सहमति अनुसार जनता समाजवादी पार्टी (जसपा) लाई दुई तथा नेकपा एकीकृत समाजवादी र एक स्वतन्त्र सांसदलाई एक/एक मन्त्रालय दिने सहमति पनि भएको छ ।

## नाम, थर एउटै भएको सूचना

पाल्पा जिल्ला साविक सोमादी गा.वि.स. वडा नं. ५ हाल रैनादेवी छहरा गाउँपालिका वडा नं. २ निवासी भारतिय भू.पू. सैनिक नं. १४३५४३९२ F सूर्य बहादुर थापा (ना.प्र.मा सुर्य बहादुर सोमै थापा) को एक मात्र श्रीमती सुमित्रा कुमारी (ना.प्र.मा बेली कुमारी सोमै खाम्चा) भएको । निज सुर्य बहादुर थापा पेन्सन आएपछि छोरा दिपक सोमै थापाको मिति २०६३/०८/०६ मा जन्म भएकोले पेन्सन अभिलेखमा नाम समावेश गर्नको लागि निवेदनसँगै पारिवारिक विवरण सहित नाता प्रमाणित गरिदिनु हुन भनी सिफारिस, ना.प्र.को फोटो कपी, पेन्सन पट्टाको फोटो कपी सहित रैनादेवी छहरा गाउँपालिका २ नं. वडा कार्यालयको च.नं ५१५ मिति २०८०/१०/१७ को सिफारिस पत्र र जिल्ला प्रहरी कार्यालय पाल्पाको चं.नं. १६४६ मिति २०८०/१०/२५ पत्रसाथ प्राप्त स्थलगत सर्जमिन मुचुल्काबाट लेखि आएकोले सोही आधारमा पेन्सन प्रयोजनका लागि तपशिल बमोजिमको पारिवारीक विवरण सहित नाता प्रमाणित गरिन्छ ।

**नागरितामा भएको :**
**नाम थर :** सूर्य बहादुर सोमै थापा
**जन्म मिति :** २०१८/०८/०१
**पेन्सन पट्टामा भएको :**
**नाम थर :** सूर्य बहादुर थापा
**जन्म मिति :** सन् १९६०/१०/२७
**श्रीमतिको नाम थर :** बेली कुमारी सोमै खाम्चा **(नागरिकतामा)**
**जन्म मिति : २०२७/०३/२४**
**श्रीमतिको नाम थर :** सुमित्रा कुमारी **(पेन्सनपट्टामा)**
**जन्म मिति : सन् १९६८/०७/१९**
**छोरीको नाम थर :** रिमा रेश्मी **(नागरिकतामा), (विवाहित)**
**जन्म मिति : २०४५/०७/०५**
**छोरीको नाम थर :** भुमा कुमारी **(पेन्सनपट्टामा)**
**जन्म मिति : सन् १९९०/१२/१८**
**छोराको नाम थर :** देब बहादुर सोमै **(नागरिकतामा), (विवाहित)**
**जन्म मिति : २०५१/११/२५**
**छोराको नाम थर :** देब बहादुर थापा **(पेन्सनपट्टामा)**
**जन्म मिति : सन् १९९५/०३/०९**
**छोराको नाम थर :** दिपक सोमै थापा **(अविवाहित)**
**जन्म मिति : २०६३/०५/०६**

वर्गिकृत डिस्प्ले
१X५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्कः ०७५-५२०६०१

मनको आवाज.............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।


जनचेतना दैनिकको आधिकारीक बेबसाईट
शितलपाटी.कम
www.shittalpati.com
डिजिटल पत्रिका


कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई